**खप्तडछान्ना गाँउपालिका**
**गाँउकार्यपालिकाको कार्यालय**
**छान्ना बझाङ्ग**
**सुदुरपशिम प्रदेश,नेपाल**

# सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सुचना

प्रथम पटक सुचना प्रकाशित मिति : (२०७६।१०।६)

यस खप्तड छान्ना गाउपालीका कार्यालयबाट तपशिल अनुसार निर्माण कार्यहरु ठेक्कापट्टाबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजतप्राप्त निर्माण व्यवसायीवाट निम्न सर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. सिलबन्धि दरभाउपत्र सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा खरिद गर्न सकिनेछ ।यस कार्यालयमा पछि फिर्ता नहुने गरी तपसिलमा उल्लेख भए अनुसारको दस्तुर बुझाई लिखित निवेदनका साथ आ.ब.०७६/०७७ को लागी नवीकरण गरिएको इजाजतपत्र, मुल्यअभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.ब ०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपि पेस गरी कार्यालय समयभित्र यस कार्यालयबाट सम्बन्धित निमार्ण व्यवसायी वा अधिकारप्राप्त प्रतिनिधिले दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२.खरिद भएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रस्टसंग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप, सिलवन्दी गरी खाम बाहिर फर्मको नाम र दरभाउपत्र नं. प्रस्टसँग लेखी दरभाउपत्र मिती २०७६/११/७ गते कार्यालय समय भित्र खरिद गर्न सकिने छ र मिती २०७६/११/८ गतेका दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । यसरी दर्ता भएका दरभाउपत्रहरु सोहि दिन दिनको २:०० बजे निर्माण व्यवसायी/आधिकारिक प्रतिनिधीहरुको रोहोवरमा खोलिनेछ । सो समयमा निर्माण व्यवसायी/ आधिकारिक प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्नमा बाधा पर्ने छैन ।

३. दरभाउपत्र सर्त रहित हुनुको साथै दररेट महलमा अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

४.दरभाउपत्र जमानतबापत उल्लेख भएअनुसारको रकम प्राईम कमर्रसियल बैक, छान्ना बझाङ्गस्थित खाता नं. ०७६००१५०CA मा नगदै जम्मा गरेको सक्कल बैक भौचर वा घटीमा दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिबाट ९० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बिडवण्ड अनिवार्यरुपले पेश गनुपर्नेछ । नगद जमानत (ठेक्का स्वीकृत हुनेमा) पछि बैक ग्यारेन्टीमा परिवर्तन गर्न पाइने छैन ।

५. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा उक्त कार्यहरु अन्तिम मितिको भोलिपल्ट कार्यालय खुलेको दिन तत् समयमा दर्ता गरी खोलिनेछ ।

६.म्यादभित्र दर्ता नभएका तथा रीत नपुगेका दरभाउपत्रहरु उपर कुनै कारबाही हुने छैन ।

७. नेपाल सरकार तथा यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने,अस्वीकृत गर्ने तथा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. यस सुचनामा केही संशोधन गर्नु परेमा कार्यालयको सुचना पाटिमा टाँस गरिने छ । दरभाउपत्र सम्बन्धि थप जानकारी चाहिएमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

९. एक निर्माण व्यवसायीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्मबाट दाखिला गर्न पाईने छैन ।

१०. दरभाउपत्र दररेट उल्लेख गर्दा मूल्यअभिवृद्धि कर बाहेकको मुल्य उल्लेख गर्नुपर्ने छ ।

११. दरभाउपत्रदाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिने छ ।

१२. यस सुचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित ऐन,नियम,कानुन अनुसार हुनेछ ।

| क.स | बोलपत्र नं. | कामको विवरण | लागत अनुमान ( कन्टिन्जेन्सि र मु.अ.कर बाहेक) रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र बापत जमानत रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १. | ०१/०७६/०७७ | बड्डी कुलो सिचाई कुलो निर्माण । | ८७,४९,५६५.३७/– | ३०००|- | २,२०,०००.००|- | प्रथमपटक सुचना प्रकाशित मितिबाट ३० दिन भित्र |
| २. | ०२/०७६/०७७ | स्वास्थ्य चौकी भबन निर्माण । | २९,१४,७७२.३०/– | ३०००|- | ७३,०००.००|- | प्रथमपटक सुचना प्रकाशित मितिबाट ३० दिन भित्र |

नि.प्रमुख प्रसासकीय अधिकृत